# नेपाली भाषाको भूगोल र मानकीकरणको सवाल

**डा. अशोक थापा**
नेपाली केन्द्रीय विभाग
त्रिभुवन विश्वविद्यालय, कीर्तिपुर, नेपाल
Email: kazithapa@gmail.com
Orcid:0009-0004-5743-742X

**सारसङ्क्षेप**

भाषाका वक्ताहरू भौगोलिक रूपमा विभिन्न ठाउँमा फैलिएका हुन्छन् । त्यसैले प्रत्येक भाषाको एउटा निश्चित भूगोल हुने गर्दछ । विविध भूगोलमा रहेका एउटै भाषाका मानकीकरणको अभ्यास गरिन्छ त्यसैले यो एक जटिल कार्य हो । प्रस्तुत लेख दुई मुख्य विषयवस्तुमाथि केन्द्रित छ । पहिलो भूगोलले भाषाका लवजहरूलाई कसरी टुक्र्याएको छ ? दोस्रो के कारणले भाषा मानक बन्ने प्रक्रिया तय गर्छ ? यस लेखमा भाषाको मानकीकरणसँग सम्बद्ध सामग्री प्राथमिक र द्वितीय दुवै स्रोतहरूबाट सङ्कलन गरिएको छ । अनुसन्धानका लागि मुख्य रूपमा निगमन विधि प्रयोग गरिएको छ । प्रस्तुत लेखको मूल उद्देश्य नेपाली भाषाको मानकीकरणमा ढिलाइ गर्न नहुने र सबै भाषाहरू तथा भाषिकाहरूलाई समान सम्मान गर्नुपर्ने हो । यद्यपि, यो विषय तर्क र बहसका लागि खुला विषय हुन् । यस लेखको प्रारम्भ केही सैद्धान्तिक पक्षबाट गरिएको छ तर यसको निष्कर्ष प्रायोगिक दृष्टिकोणबाट निकाल्नुपर्ने आग्रह गरिएको छ । नेपाली भाषाको मानकीकरणको लामो अभ्यास भए पनि यो प्रक्रिया अझै विवादमा अल्झिएको देखिन्छ । लेखको ठुलो भाग व्याकरणका विवादहरूमा केन्द्रित छ । यस लेखको निष्कर्षले के स्पष्ट पार्छ भने संसारको जुनसुकै कुनामा नेपाली भाषा बोले पनि यो एउटै भाषा हो । यसको संरचना, लयमा क्षेत्रीय विविधता पाइन्छ जुन सबै जीवित भाषाको विशेषता हो । तथापि यस लेखमा नेपाली भाषाको भौगोलिक विविधताले केही समस्या सिर्जना गरेको उल्लेख गर्दै यसको समाधान गर्न आवश्यक छ भन्ने निष्कर्ष निकालिएको छ ।

**शब्दकुञ्जी**: भाषा, भाषिका, भाषाशिक्षण, भाषाप्रविधि ।

**विषयपरिचय**

हाम्रो भाषा हाम्रै चित्र हो । भाषिक-भूगोलअन्तर्गत कुनै पनि भाषाको क्षेत्रीय बोलीमा पाइने भेगीय एवं भौगोलिक विभिन्नताको अध्ययन गरिन्छ । कुनै उल्लेखित क्षेत्रमा प्रचलित भाषासम्बन्धी विशेषताको व्यवस्थित अध्ययन भाषा भूगोलअन्तर्गत गरिन्छ यसलाई भाषिक भूगोल वा वाणी भूगोल (Dialect Geography) पनि भनिन्छ । भाषिक भूगोलको सम्मानका लागि भाषाको सर्वेक्षण गर्न आवश्यक छ । भाषिकाको तहमा छुट्टै कोश बनाउन आवश्यक छ । छुट्टै व्याकरण पनि बनाउनु आवश्यक छ । भाषिक भूगोलको सर्वाङ्गीण र तुलनात्मक वा ऐतिहासिक अध्ययन गर्ने शाखा नै भाषिका विज्ञान (Dialectology) हो (ठाकुर, सन् २०००, पृ. २७) । भाषिका विज्ञानको सापेक्षतामा भाषाको वैज्ञानिक अध्ययन गर्न जरुरी देखिन्छ ।

नेपाली भाषाको भूगोल भनेको यसका वक्ताहरू रहेको स्थान हो । नेपालभित्र र नेपालबाहिर देहरादून, सिक्किम, डुवर्स, आसाम, दार्जिलिङ, मणिपुरमा बोलिने नेपाली भाषालाई नेपालबाट (वा कहीँबाट) एउटै डालोमा हालेर अध्ययन गर्ने गरिएको छ । यो पद्धति सही छैन । खासमा ती भूगोलभित्र पनि भाषाको धेरै भौगोलिक तथा क्षेत्रीय भेदहरू छन् । नेपालभित्र पनि धनगढी, जुम्ला, पोखरा, काठमाडौं, जनकपुरको नेपाली भाषामा अनेक (वर्ण, शब्द, वाक्य, अनुच्छेद) विभिन्नता छन् । मेचीपारिको नेपाली भाषामा वर्ण, वाक्य, लिङ्ग, वचन, पुरुष, काल आदिमा भिनन्नता छ ।

भाषा सार्वभौमिक छ । मान्छेहरू विचार, भावना तथा चिन्तन संसारभरि नै फिँजाउँछन् । जसरी मान्छेको रूप रङ र शैली फरकफरक भएजस्तै भाषा पनि भिन्नभिन्नै बोल्छन् । जसरी हामी मूल भाषाभन्दा आयातित भाषामा दख्खल राख्दैनौँ त्यसै गरी आफूले सिकेको भाषिका र भाषाको तुलनामा स्तरीय भनिएको भाषा अप्ठ्यारो लाग्छ । कसैको दिमागमा रहेको भाषा मात्र मानक हो र अलि फरक स्वाद र रङ आउनासाथ अमानक भनिनु एक प्रकारको ज्यादती हो जो हामी गरिरहेका छौँ । जसरी हामीलाई पछि सिकिएको भाषामा दक्षता हासिल गर्न कठिनाइ हुन्छ त्यसरी नै एउटै भाषाको पनि आफ्ना स्थानीय शब्दमा हामी जति खुल्न सक्छौँ अरूमा सक्दैनौँ । भाषा देशी र विदेशी, मानक र अमानक भन्ने हुँदैन । बरु आमाको काखमा सिकेको भाषा नै उसका लागि मानक हो । खासमा नेपाली भाषाको भूगोल भनेको नेपालकको मेची-महाकाली, ७७ जिल्ला, भारतमा बस्ने सबै नेपाली भाषीले छोएको माटो र संसारभर छरिएका नेपाली भाषीहरू पुगेको भूगोल हो ।

**भाषिक मानकीकरण**

भाषा मानकीकरण त्यो प्रक्रिया हो जहाँ कुनै पनि भाषाको परम्परागत रूपको स्तरोन्नति वा वैज्ञानिक तरिकाले मर्मतसम्भार गरिन्छ । मानकीकरण भनेको कुनै पनि भाषाको बोलाइ तथा लेखाइको विविधतालाई एकरूप बनाउने प्रयास पनि हो । मानक लेखाइलाई मात्र भाषाको मानकको आधार मान्नेहरू पनि छन् । मानकीकरण एक भाषाका वक्ता तथा लेखकद्वारा गरिने प्रयोगगत एकरूपताको अभ्यास पनि हो । भाषालाई सकेसम्म सर्वमान्य र सर्वस्वीकार्य बनाउने अभ्यास हो मानकीकरण । भाषाको मानकीकरण भनेको भाषालाई चित्तबुझ्दो बनाउने सम्झौता पनि हो (Subba, 1981, p. 7)। नेपाली भाषाको मानकीकरणका लागि सयौँ वर्षदेखिको प्रयास जारी छ ।

भाषा परिवर्तनशील वस्तु भएकाले यसउपर समयसमयमा मानकीकरणका लागि बहसहरू चल्नु स्वाभाविक छ । मोतीराम भट्टले वि.सं. १९४८ तिरै *'अशुद्ध गरी छापी दिंदा हाम्रा गोर्खा भाषाको दुर्दशा पनि हुन गयो'* भन्ने धारणा राखेकाले नेपाली भाषाको बहस आजको नभएर सय वर्षभन्दा अगाडिको हो भन्ने बुझिन्छ (भट्ट, २०५१, पृ. २९)। लेखनाथ पौड्यालको *'हेरी नसकनु पारी परखाल बडेबडे, नेपाली कविले खुट्टा काटेका वर्णझैँ लडे'* भन्दै वर्षा विचारको श्लोक ९७ मा भाषा बिगार्नेहरूप्रति कवितात्मक व्यङ्ग्य गरेका थिए (पौड्याल, १९७३, पृ. ३७) । यी दुई उक्ति नै काफी छन् नेपाली भाषाका विषयमा हिजो केकस्तो दृष्टिकोण प्रचलित थिए भन्ने बुझ्नका लागि । भाषासँग सम्बद्ध हलन्त बहिष्कारदेखि दर्जनौँ भाषिक आन्दोलनले पनि भाषा बहसको विषय हो भन्ने प्रस्ट्याउँछ । हिजोदेखि आजसम्म भाषाको बहस चल्ने क्रमले भाषालाई मानक बनाउने दिशामा काम गरेकै पनि छ । जिउँदो भाषामा बहस हुनु संसारभरिकै प्रचलन हो । प्रस्तुत लेखमा नेपाली भाषाको भाषिक भूगोल र यसको मानकीकरणमा देखिएको समस्यालाई सम्बोधन गर्न ५ सैद्धान्तिक आधार र त्यसका सापेक्षतामा ७ बुँदामा प्रस्तुत लेखलाई टुङ्ग्याइएको छ ।

**सैद्धान्तिक पर्याधार**

भाषाको भूगोलले यसको मानकीकरण प्रक्रियामा महत्त्वपूर्ण भूमिका निर्वाह गर्दछ । भाषा प्रायः स्थानीय बोली, सांस्कृतिक परम्परा र सामाजिक अन्तरक्रियाबाट विभिन्न प्रकारले विकसित हुन्छ ।

मानकीकरण भनेको भाषालाई प्रयोगका लागि एकरूप बनाउने प्रक्रिया हो जसमा व्याकरण, शब्दावली र उच्चारणलाई औपचारिक बनाउने काम समावेश हुन्छ । भौगोलिक पक्षहरू जस्तैः कुनै भाषाको फराकिलो क्षेत्रमा फैलावट वा निश्चित क्षेत्रमा यसको एकाग्रता, मानकीकरणका चुनौतीहरूको कारक बन्न सक्छन् । सम्बन्धित सरकार र भाषिक संस्थाहरूले प्रायः राजनीतिक, सांस्कृतिक वा आर्थिक दृष्टिकोणले प्रभावशाली ठहरिने बोलीलाई मानकको रूपमा चयन गरेर यी चुनौतीहरूको समाधान गर्ने प्रयास गर्छन् । यसले शिक्षा, प्रशासन र मिडियामा एकरूपता कायम गर्न मद्दत गर्दछ तर यसले क्षेत्रीय बोली वा अल्पसङ्ख्यक भाषाहरूलाई बेवास्ता गर्न सक्ने सम्भावना पनि रहन्छ । त्यसैले, भाषाको भौगोलिक विविधतालाई मानकीकरणको आवश्यकतासँग सन्तुलित बनाउन भाषिक विविधता संरक्षण गर्दै प्रभावकारी सञ्चार सुनिश्चित गर्न आवश्यक छ ।

भाषा मानकीकरण र भाषिक भिन्नता दुई प्रमुख अवधारणाहरू हुन् जसले प्रायः एकअर्कासँग विरोधाभास देखाउँछन् तर यी अवधारणाहरू चाखलाग्दो तरिकाले अन्तर्सम्बन्धित छन् । भाषा मानकीकरण भनेको व्याकरण, हिज्जे र शब्दावलीको कोडिफिकेसनमार्फत आधिकारिक कागजात, शिक्षा र मिडियामा एक समान भाषिक रूपको स्थापना प्रक्रिया हो । यस मानक रूपलाई प्रायः भाषाको 'सही' वा 'प्रतिष्ठित' संस्करणको रूपमा प्रस्तुत गरिन्छ । यद्यपि, भाषिक भिन्नता भनेको क्षेत्रीय, सामाजिक वर्ग, जातीयता र सन्दर्भका आधारमा भाषामा अवस्थित विभिन्न बोली, उच्चारण र लेखनको विविधतालाई स्वीकार गर्नु हो । मानकीकरण कहिलेकाहीँ यी भिन्नताहरूसँग टकराउन सक्छ तर यिनीहरूले एकअर्कासँग परस्पर प्रभाव पनि पार्छन् किनकि क्षेत्रीय वा सामाजिक बोलीहरूले मानकीकरण प्रक्रियामा प्रभाव पार्न सक्छ । डिजिटल युगमा, प्राविधिक प्रगति र विश्वव्यापी अन्तरक्रियाले मानक र गैरमानक रूपहरूको मिश्रण र स्वीकार्यता बढाएको छ जसले भाषिक विविधतालाई मानकीकरणसँग मिलाउने नयाँ किसिमका रूपहरू जन्माएको छ । यस प्रकार मानकीकरणका उद्देश्य र भाषिक भिन्नताको वास्तविकता बीचको भिन्नता भए पनि यी दुवै प्रायः एकअर्कामा समाहित भएर गतिशील र विकासशील भाषापरिप्रेक्ष्यको सिर्जना गर्छन् । भौगोलिक भिन्नताले भाषिक रूपमा भिन्नता ल्याउँछ । प्रस्तुत लेख मूलतः निम्नोल्लिखित ५ सैद्धान्तिक अवधारणाको केन्द्रमा तयार गरिएको छः

१. भौगोलिक भिन्नताले भाषिक रूपमा भिन्नता ल्याउँछ ।
२. मानकीकरणमा शिक्षित समुदायको भूमिका रहन्छ ।
३. भूगोलले भाषिक स्रोतको पहुँचमा अवरोध पुऱ्याउँछ ।
४. भाषाको मानकीकरणमा ऐतिहासिक र औपनिवेशिक तत्त्व हावी हुन सक्छन् ।
५. राष्ट्रिय एकताको औजारको रूपमा भाषाको मानकीकरणलाई लिन सकिन्छ ।

(१) **सर्वेक्षणको अभाव**

सर्वेक्षणले भाषाको गुणात्मक सोधपुछलाई टुङ्गोमा पुऱ्याउँछ । भाषिक सर्वेक्षणबिना भाषाको आवश्यक भूमिकाको प्रशंसा र विरोध थाहा लाग्दैन । छिटपुट कामबाहेक आजसम्म पनि नेपाली भाषाको वैज्ञानिक सर्वेक्षण हुन सकेको छैन । सार्थक सर्वेक्षणकै अभावमा नेपालमा कति भाषा बोलिन्छन् त्यो पनि थाहा लाग्न सकेको छैन । नेपाल बाहिरको नेपाली भाषाको भौगोलिक तथा प्रयोजनपरक भेद केकस्तो छ ? त्यो पनि ज्ञात छैन । त्यसमा पनि नेपाली भाषाको विविधता कस्तो छ ? यो भाषा कुन स्थानमा केकसरी बोलिन्छ भन्ने भाषिका (डाइलेक्ट) को तहमा गहिरो अध्ययन हुन सकेको छैन । भाषाविज्ञान केन्द्रीय विभाग, भाषा आयोग, भाषाविद् बालकृष्ण पोखेल आदिले गरेका नेपाली भाषाको सर्वेक्षण अपूर्ण र एकपक्षीय छन् । धेरैले पूर्वी नेपालमा प्रचलित (गोरखादेखि पूर्व) भाषालाई किटान गरेर यो नै नेपाली भाषाको मानक रूप हो भनेका छन् । त्यसै काल्पनिक कुरालाई विविध समयमा जबर्जस्ती लाद्ने काम भएको छ । बालकृष्ण पोखरेललगायतले गरेको सर्वेक्षणकै आधारमा पूर्वीय लबजलाई मानक

रूप यही हो भनेर दबाब सिर्जना गर्न खोजिएको छ । यसले समस्या सिर्जना गरेको छ । यस प्रकृतिका कार्यले नेपाली भाषाको प्राचीन थलो (जुम्ला) को लवजलाई खिल्ली उडाएको छ । दार्जिलिङ, सिक्किम, आसाम, मेघालय, मणिपुर, डुवर्स आदिका भाषालाई पनि पूर्वीय लबजकै मानक हो भनी लाद्न खोजिएको छ । पूर्वीय लबजलाई शुद्धीकरण गर्ने प्रयास गरिएको छ । पश्चिमतिर चल्ने अर्नी (खाजा) जस्ता शब्दलाई अमानक बनाइएको छ, कन्डो (ढाड) जस्ता शब्दलाई बलपूर्वक अश्लील बनाइएको छ । जम्लेहात, किताप आदि जस्ता शब्दले पनि सम्मान पाएका छैनन् । पूर्वको लबजलाई मान्य र मानक बनाइएको छ । यसको अर्थ पूर्वको भाषिकालाई बहिष्कार गर्नुपर्छ भन्ने होइन ।

भाषा एउटै हुन्छ । व्याकरण पद्धति पनि एउटै हुनसक्छ तर सोही भाषाको बोल्ने तरिका भूगोलअनुसार फरक हुनसक्छ । नेपाली भाषाको सर्वेक्षण पूर्वाञ्चलकेन्द्री रह्यो । यो सर्वेक्षणले न त मेचीपारिको भाषिकालाई सम्बोधन गर्न सक्यो न त नेपाली भाषाको उद्गम थलो जुम्ली भाषाको सम्मान गर्न सक्यो । भाषा सर्वेक्षण गर्दा नेपाल र नेपालबाहिरलाई समान स्तरमा गर्नुपर्छ । नेपालभित्रको पनि सबै विकास क्षेत्र (प्रदेश) का भाषिकालाई समान तहमा राखेर गर्न सकिएको छैन । नेपाली भाषाको मानकीकरणका लागि सरकारी-गैरसरकारी, सङ्घ, प्रदेश, स्थानीय निकाय र सरोकारवाला संस्थाको संयोजनमा विज्ञहरूको सक्रियतासहित निष्पक्ष अनि वैज्ञानिक भाषिक सर्वेक्षण हुनुपर्छ ।

### (२) **अप्रभावकारी भाषा–शिक्षण**

भाषाशिक्षणले हामीले सोच्ने तरिकालाई आकार दिन्छ र हामीले के सोच्न सक्छौँ भनेर निर्धारण पनि गरिदिन्छ । नेपाली भाषा पठनपाठनमा भाषालाई न वैज्ञानिक तरिकाले शिक्षण गर्ने गरिएको छ न त मानक तरिकाले पढ्न र लेख्ने काइदा सिकाइएको छ । आज पनि संस्कृत पढेका शिक्षकलाई नेपाली भाषा शिक्षणको विज्ञ ठान्ने गरिएको छ । संस्कृत पढेका नेपाली शिक्षकले संस्कृतका नियमसँग जोडेर नेपाली भाषा-व्याकरण पढाउने अभ्यास थालिएको निकै समय भयो । यो क्रम हाम्रा विद्यालय-महाविद्यालयमा अझै पनि जारी छ । यसले जहिले पनि भाषाशिक्षणलाई गहन रूपमा हेर्ने परम्पराको विकासमा अवरोध पुऱ्यायो (शर्मा, २०५८) । संस्कृत नेपाली भाषाको माऊ भाषा हो । माता हो भन्ने कुरालाई बढी चर्चा गरियो । संस्कृतको लिगेसीलाई नेपाली भाषामा जोड दिनाले समस्या सिर्जना गरिराख्यो । नेपाली भाषामा संयुक्त अक्षरहरू अनि लिपि तथा वर्णमालाका तहमा संस्कृतकै प्रभाव देखियो । केही लिपि संशोधन भए । केही अझै बाँकी छन् । संस्कृतनिष्ठ भाषा लेख्नेलाई सुन्दर र अन्यलाई असुन्दर लेखक भनियो । भाषाशिक्षण र साहित्यशिक्षण फरक कुरा हुन् भन्ने बोध हुन सकेन । अधिकांश भाषाका शिक्षकहरूले भाषाशिक्षणलाई छोडेर साहित्य शिक्षणलाई जोड दिए र दिइरहेका छन् । शिक्षणले उत्प्रेरणा दिएन बरु मेरो नेपाली कमजोर छ भन्ने भ्रमको शिक्षण गरिदियो । नेपाली भाषाविषयमा विद्यार्थीले सबैभन्दा कम अङ्क ल्याउने कारण पनि भाषाशिक्षणमा देखिएको अप्रभावकारी शैली नै हो । स्नातक तहसम्म पढेका अधिकांश विद्यार्थीले पनि नेपाली पाठ बिनाअवरोध पढ्न सक्दैनन् । दोस्रो भाषाका रूपमा नेपाली भाषा पढ्ने विद्यार्थीको अवस्था झन् विकराल छ । सिक्किम, दार्जिलिङ, असम, मणिपुर, डुवर्समा बोलिने भाषाको मानक उच्चारण सिकाउने गरिएको छैन (थापा, २०६५) । नेपाली भाषालाई यही भाषाको मौलिकताअनुसार बहुभाषी शिक्षा नीतिलाई मनन गर्दै प्रभावकारी भाषा शिक्षण गरेर मात्र भाषाको मानकीकरणको दिशामा अगाडि बढ्न सकिन्छ ।

### (३) **भाषा–अनुकूल प्रविधि**

प्रविधिको चमत्कार हामीले देखेभोगेका छौँ । ढिलै भए पनि नेपाली भाषा पनि प्रविधिमा प्रवेश गऱ्यो । हामीले हाम्रा कम्प्युटर-मोबाइलमा नेपाली भाषा प्रयोग गर्न थालेको दसक नाघेको छ । यद्यपि हामी जसरी हाम्रो भाषालाई प्रविधिमा लगेका छौँ । त्यहाँ एकरूपता होइन धेरै समस्याहरू निम्तिएको छ

। त्यसैले हामीले प्रविधिलाई हाम्रो भाषा बुझाउन सक्ने सफ्टवयरको विकास गर्नुपर्ने छ । अब युनिकोड प्रविधिको विकास भएको सन्दर्भमा यो असम्भव भने छैन । एउटै कम्प्युटरमा अङ्ग्रेजीको K थिच्दा 'प' लेखिने र सोही बटन थिच्दा 'क' लेखिने दोहोर धारमा नेपाली अझै चेपिएको छ । कम्प्युटरले हाम्रो क-ख-रा हाम्रै उच्चारणअनुसार चिन्ने बनाउन ढिलो भइसकेको छ । विद्युतीय लेखाइमा हाम्रो भाषा सहजै प्रवेश गराउन ढिलो गर्नु हुँदैन । ल्यापटप तथा एन्ड्रोयड हातेफोनमा नेपाली अक्षरको प्रवेश भइसकेको छ । भारतीय लिपिका लागि इन्स्क्रिप्ट, देवनागरीका लागि प्रीति र युनिकोडजस्ता प्रविधिबाट कम्प्युटरमा लेख्न सकिन्छ । यो अझै पनि वैज्ञानिक बन्न सकेको छैन र एकरूप पनि बन्न सकेको छैन । हाम्रा व्याकरणका, हिज्जेका कतिपय कुरा कम्प्युटरलाई बुझाउन सकेका छैनौँ त्यसैले प्रविधिअनुसार हाम्रो भाषाका अक्षरलाई भाँच्ने होइन कि भाषा मुताविक प्रविधिको विकास गर्न ढिलो गर्नु हुँदैन । अब त झन् एआइ (कृत्रिम बौद्धिकता) को सुरुवात भइसकेको छ यस्तो अत्याधुनिक यन्त्रीकीकरणका सन्दर्भमा नेपाली भाषा-प्रविधिमा कसरी काम गर्ने भन्ने व्यापक सवाल उठेको छ ।

**(४) मानक शब्दकोशको अभाव**

शब्दकोशको प्रयोजन अर्थ खोज्नु मात्र होइन बरु शब्दको अनुवाद, हिज्जे र समान तथा विपरार्थी शब्द पत्ता लगाउनु पनि हो । नेपाली भाषाको शब्दकोश विदेशी नागरिकले बनाए र हामीले भाषा सिक्यौँ । यो हाम्रो हास्यस्पद यथार्थ हो । त्यसपछि पनि कोशनिर्माणका थुप्रै प्रयास भए । निजीस्तरबाट पनि कोशनिर्माण अभ्यास नभएका होइनन् । कोशनिर्माणका क्रममा एकातिर कोशवैज्ञानिक पद्धति अपनाउन हामी चुकेका छौँ भने अर्कोतिर शब्दको भण्डार र प्रविष्टिमा पनि हामी बलियो हुन सकेका छैनौँ । नेपाली भाषाको शब्दकोशमा व्यक्त गरिएको शब्दको स्रोत र हिज्जेमा पनि समस्या देखिएका छन् । करोडौँ प्रयोक्ताले बोल्ने नेपाली भाषाको शब्दकोशमा १ लाखको हाराहारीमा मात्र शब्द भण्डार हुनु खासमा दयालाग्दो विषय नै हो । शब्दकोशमा प्रवेश पाएका शब्दको पनि सही अर्थ र बहुअर्थको दायरालाई सम्बोधन गर्न सकिएको छैन । स्थानीय भाषाबाट नेपालीमा प्रयोग भएका शब्दलाई सम्मान गर्न सकिएको छैन । अङ्ग्रेजीलगायतका भाषाबाट आएका आगन्तुक शब्दको वर्चस्व अनियन्त्रित छ । भाषालाई बलियो बनाउन शब्दभण्डार मजबुत हुनु पहिलो सर्त हो । हाम्रा आफ्नै रैथाने शब्दले मात्र पनि हाम्रो भाषाको भकारी पूर्ण हुँदैन । भाषाले विकासको उचाइ लिने भनेकै शब्दभण्डारमार्फत हो । शब्दको अभाव सधैँ खड्किरहने कुरा हो । शब्दकोश नभरिने भकारी रहेछ । शब्दकोशमा रहेको अर्थ एउटै भए पनि भाषिक भूगोलका आधारमा अर्थगत भिन्नता हुनसक्छ । कतै 'सकिनु' शब्दले दिने अर्थ कतै 'तुर्नु'ले दिने गर्छ । कतै 'खाजा' शब्दले व्यक्त गर्ने काम कतै 'अर्नी'ले गरिरहेको हुन्छ । नेपाली भाषाको मानक र अधिक प्रयोक्ताले अपनत्व अनुभव गर्न सक्ने शब्दकोशको निर्माणमा सरकारी तथा गैरसरकारी निकाय क्रियाशील हुनुपर्दछ ।

**(५) भाषानीति र योजनाको अभाव**

भाषायोजनाका लागि त्यस भाषाको स्थिति (स्टेटस), संरचना, शिक्षण र भाषाको प्रतिष्ठा उच्च बनाउने योजना मुख्य हुने गर्छन् । कुनै पनि भाषाको मानकीकरणमा त्यस देशको भाषानीतिको निकै महत्त्वपूर्ण भूमिका रहन्छ । हाम्रो जस्तो बहुभाषिक मुलुकमा त झन् यसको प्रभावकारिता झन् बढी छ । कुन भाषा राष्ट्रभाषा बनाउने, सामाजिक सम्पर्कको भाषा कुन हो ? भाषाव्यवस्था कस्तो निर्धारण गर्ने ? शिक्षण, प्रशासन, कानुन, प्रविधिमा भाषा कसरी प्रयोग हुनुपर्छ र भएका छन् ? आदि जिज्ञासाको उत्तर भाषा नीतिमा हुनुपर्छ । कुन क्षेत्रमा कुन भाषाको वर्चस्व छ । स्थानीय भाषा र भाषिकाको तहमा कसरी काम गर्ने, सरकारी कामकाजको भाषाको व्यवस्था कागतालीका आधारमा गर्ने कि जनसङ्ख्या र भाषिक प्रयोक्ताका आधारमा गर्ने आदि कुराहरू राज्यको नीति र योजनामा भरपर्ने हो । लिपिको परिमार्जन,

व्याकरण सुधार आदि कुरा पनि योजनाका कुरा हुन् । पाठ्यक्रम निर्माण गर्दा राजनीतिक सिमानाभित्रको भाषासाहित्यलाई मात्र होइन । नक्साको सिमानाभन्दा बाहिरका भाषिक वक्ता र लेखकलाई पनि उत्तिकै सम्मान दिनुपछ (अर्याल र जोशी, १९७४) । नेपालको सन्दर्भमा भारतीय नेपाली भाषा, साहित्य र स्रस्टालाई पनि विद्यालय, महाविद्यालय र विश्वविद्यालयको पाठ्यक्रममा समेट्ने नीति अख्तियार गर्नुपर्छ । त्यसैले भाषाको मानकीकरणका लागि राज्यले, प्रदेश सरकारले, स्थानीय सरकारले प्रभावकारी भाषानीति र योजना बनाउन ढिलो गर्नु हुँदैन ।

**(६) भाषा अपनत्वको अभाव**

भाषालाई माया गरिन्छ र गर्नुपर्छ तर माया गर्न दबाब दिनु हुँदैन । हाम्रो जस्तो बहुभाषिक मुलुकमा पनि हाम्रो भाषा हाम्रो भेष भनेर एउटा भाषालाई काखी चेप्ने र अन्यलाई हेप्ने अभ्यास लामो समयसम्म चल्यो । बहुभाषिक देशमा नेपाली भाषालाई जबरजस्ती लादियो । अझै पनि नेपाली भाषाको वर्चस्व कायम नै छ । निजी विद्यालयलाई अङ्ग्रेजीकरण गरिएको धेरै समय भयो । अङ्ग्रेजी जान्नुपर्छ । यो बलियो भाषा हो तर निजी विद्यालयमा नेपाली भाषामा बोलेकै आधारमा सजाय दिनु हुँदैन, नगद जरिवाना गरिनु हुँदैन जुन गरिँदै छ । यो हाम्रो भाषाप्रतिको सरासर वितृष्णा जगाउने अभ्यास हो । जीवित जनावरलाई जस्तै भाषालाई पनि मायाममताको खाँचो हुन्छ । नेपाली नबिर्साइकन अङ्ग्रेजी सिकाउन सकिँदैन भन्ने मान्यता जबर्जस्त स्थापित छ समाजमा । आफ्नो भाषाप्रति गर्व अनुभूति गर्नुपर्छ र गरिनुपर्छ । अधिक वक्ता भएका हिन्दी, बङ्गाली भाषाको वर्चश्वमा नेपाली भाषा कसरी अस्तित्वमा बाँचेको छ ? यो अपनत्वकै कारण मरुभूमिमा उम्रेको सिरु घाँस जस्तो बनेर पनि भारतमा नेपाली भाषा बाँचिरहेको छ । भाषालाई अपनत्वले मानक बनाउने हो ।

**(७) अनुदार व्याकरणका नियम**

व्याकरण भनेको हामीलाई शुद्ध गरी बोल्न र लेख्न सिकाउने शास्त्र हो । व्याकरण भनेको शब्दको अनुशासन पनि हो । हामीसँग संस्कृत शब्द, नेपाली शब्द र आगन्तुक शब्द भएपछि व्यकरणको नियमले यी सबैलाई एउटै साँचोमा राखेर प्रयोग गर्नमा समस्या सिर्जना भएको छ । हलन्त बहिष्कार, जिम्दो नेपाली भाषा आदि-इत्यादि थुप्रै भाषिक आन्दोलन पनि चले । व्याकरणका नियमहरू यो जिन्दगीमा जानेरै सकिँदैन भन्ने भ्रम सिर्जना गरिदियो । नेपाली भाषाको मानकीकरणमा व्याकरणसँग जोडिएका मुद्दाहरूले निकै समस्या सिर्जना गऱ्यो र यो अझै पनि जारी छ ।

**(क) तर्कवितर्क अनि वादविवाद**

भाषा जटिलबाट सरल मार्गतिर अग्रसर हुन्छ । स्वभावैले भाषामा तर्कवितर्क हुन्छन् । हिजोदेखि आजसम्म भाषाको बहस चल्ने क्रमले भाषालाई मानक बनाउने दिशामा काम गरेकै पनि छ । जिउँदो भाषामा बहस हुनु संसारभरिकै प्रचलन हो । नेपाली भाषाको विषयमा जति चर्चा चलेको छ प्रायः यस प्रकारको बहस कमै भाषामा चल्ने गर्दछ । व्यवस्थापिका संसद्देखि सामाजिक सञ्जाल तथा छापा–पत्रपत्रिकाका पाना पनि भाषामय बनेको थियो केही वर्षअगाडि । आमसञ्चारका विविध माध्यममा भाषाले यतिविघ्न प्रवेश र स्थान पाएकोमा प्रयोगकर्ता र भाषाविद्हरू अचम्मित छन् । भाषाको विषयलाई लिएर हस्ताक्षर सङ्कलन, धर्ना, अनसन, प्रेस विज्ञप्तिको लहर पनि क्रमशः चलेको देखिन्छ । तत्कालीन शिक्षा मन्त्री दिननाथ शर्माले भाषा बिग्रिएकोमा आत्मालोचना गरेको समाचार पनि सञ्चार माध्यममा आएको छ । यो एउटा चाखलाग्दो सन्दर्भ पनि हो ।

भाषा बिगारेको आरोपमा नेपाल प्रज्ञा-प्रतिष्ठानका तत्कालीन कुलपति गङ्गाप्रसाद उप्रेतीको हातबाट पुरस्कार बहिष्कार, भाषा बिगार्नेहरूका विरुद्ध सर्वोच्चबाट कारण देखाऊ आदेश र नेपाल

सरकारले गरेको भाषा आयोग गठनलाई पनि यसको संवेदनशीलताको दृष्टान्तका रूपमा हेर्न सकिन्छ ।

भाषाकै सन्दर्भलाई लिएर नेपाली भाषाको संसारकै आस्थाको केन्द्र त्रि.वि. नेपाली केन्द्रीय विभागमा प्राध्यापनरत दुई दर्जनभन्दा बढी प्राध्यापकहरूको जमातले हस्ताक्षरसहित विज्ञप्ति निकालेकाले पनि यो सोचेभन्दा संवेदनशील विषय हो भन्ने प्रस्टिएको छ । यस घटनाले अगिल्ला भाषिक बहसभन्दा यो अलि गम्भीर र भिन्न प्रकृतिको हो भन्ने कुरा बोध गराएको छ । भाषिक चर्चाको तापक्रम एकाएक यो डिग्रीमा बिनाकारण पुगेको पक्कै होइन । यसका केही खास कारणहरू छन् । बाह्य, आन्तरिक र इगो केन्द्रित तीन समस्या यसको मूल कारकहरू हुन् भन्ने भाषाका जानकारहरू बताउँछन् । यो भाषिक बहसमा विद्वान्हरूको जुँगाको लडाइँ पनि साथसाथै रहेको छ भन्नेहरू पनि छन् । विवाद छताछुल्ल भएको बुझ्ने तर विवादको गाँठी कुरा के हो नबुझ्ने भाषाका प्रयोक्ताहरू हुनु स्वाभाविक छ । समस्या बल्झिएको बुझ्ने समाधानका विकल्प नदेख्ने पक्ष पनि अधिक छन् यहाँ ।

भाषाको आजको बहस बाह्य हस्तक्षेपको प्रतिक्रिया हो । यो पहिलो कारक बनेर देखिएको छ यतिखेर । राजनीतिक रूपमा बहुदलीय व्यवस्थाको आगमनसँगै नेपालका विविध अङ्गमाथि आक्रमण गर्ने प्रपञ्च चलि नै रहेको कुरा घामजत्तिकै छर्लङ्ग छ । हाम्रो धर्म, संस्कृति र आन्तरिक मामिलामा निरन्तर हस्तक्षेप भएजस्तै भाषा पनि एक अभिन्न संस्कृति हो भन्ने कुरा सर्वसाधारणले त बुझ्नेनन् बुझ्नेनन् भाषालाई भँजाएर जीविका धान्ने व्यक्तिहरूले पनि यसमा आँखा चिम्लिदिँदा थप जटिलता सिर्जना भएको छ ।

नेपालमा गणतन्त्रको स्थापनासँगै कहिले धर्मका नाममा, कहिले जातजातिका नाममा, त कहिले धर्मपरिवर्तनका नाममा नेपाली मौलिक संस्कृतिलाई खल्बलाउने गिरोह नै सक्रिय रहेको कुरा पटकपटक पढिएकै हो । भाषामाथिको आक्रमण पनि नेपाली संस्कृतिलाई धमिल्याउने मात्र नभएर यसको अस्तित्व नै नामेट बनाउने एउटा प्रयासको रूपमा बुझ्ने गरिएको छ । यस कुराको पुष्टिका लागि व्यवस्थापिका संसद्मा 'सिल' नामक अमेरिकी संस्थाले नेपालको भाषाको अनुसन्धान गर्ने भनी लगानी गरेको र त्यो लगानीको वरिपरि केही प्राध्यापकहरूले काम गरेको भनिएको छ (बानियाँ, २०७३) । सोही समूहले तत्कालीन शिक्षा मन्त्री दीननाथ शर्मालाई बसमा पारी मन्त्रीस्तरीय निर्णय गराउन बाध्य पारेको उल्लेख छ ।

गणतन्त्रको स्थापना भएपछि बाहिरी हस्तक्षेपको मात्रा झन् खुलेआम बढेर गएको स्वीकार्छन् विदेश मामिलाका जानकारहरू । धर्मका नाममा क्रिस्चियनिटीको प्रभुत्व बढिरहेका बेलामा भाषामार्फत आन्तरिक कोकोहोलो मच्चाएर नेपाली भाषालाई बिस्तारै देवनागरी लिपिबाट विच्छेद गरी रोमन लिपिमा रूपान्तरण गर्ने षड्यन्त्र रहेको कुरा घुइरोघुइरो सुन्ने गरिएको छ । संसद्मा कुरा उठिसकेपछि यसको संसदीय छानबिन होला र यसको पुष्टि होला वा सत्यतथ्य कुरा बाहिर आउला नै । जेहोस् संस्कृतिको वाहक भाषामाथि आक्रमण गरेर यसको आन्तरिक संस्कृतिलाई धुजाधुजा पार्ने षड्यन्त्र योभित्र लुकेको छ भन्ने बुझ्न धेरै टाढा जानु पर्दैन । भाषा संस्कृतिको संवाहक हो र यो भाषामाथिको आक्रमण होइन समग्र नेपाली भाषिक आस्थामाथिको प्रहार हो भन्ने नबुझिनु ज्यादै संवेदनशील र दुःखद् कुरा हुन आएको छ ।

दोस्रो कुरा हाम्रो आन्तरिक समस्यामा जकडिएको छ नेपाली हिज्जे । रूपमा यो नेपाली भाषाको व्याकरणका केही वर्णविन्यासका नियमका सन्दर्भलाई लिएर उत्सर्जित बहसजस्तो देखिए पनि सारमा यसभित्र बल्झेको समस्या अर्कै छ । बहस ज्ञान, तर्क र अनुसन्धानमा आधारित नभएर एउटा समूहले अर्को फरक दृष्टिकोणलाई निषेध गर्ने दुर्नियतले सञ्चालित हुँदा समग्र नेपाली भाषा लेखनपठन नै गन्जागोलको स्थितिमा पुगेको छ । यसमा पनि विशेष गरी तीनवटा दृष्टिकोण सतहमै देखिएका छन् । पहिलो भाषाको पूर्वस्थापित मानक 'नेपाली कसरी शुद्ध लेख्ने (१९९१' मान्ने (पश्चगामी धार), दोस्रो नेपाल राजकीय प्रज्ञा-प्रतिष्ठानको शब्दकोश (२०४०, संशोधित २०५८) लाई केही संशोधन गरी मान्ने ( मध्यमार्गी धार) र अर्को भाषालाई टुक्र्याउने, संयुक्त व्यञ्जन वर्णलाई छुट्टाछुट्टै खुट्टो काटेर लेख्ने, केही

श्रुतिसमभिन्नार्थक शब्दलाई शब्दकोशबाटै फ्याँकिदिने (अराजक) धार । विशेष यी तीन धार र दृष्टिकोणका बीचमा व्यापक बहस भइरहेको छ (खनाल, २०६८) । बहस बौद्धिकभन्दा गालीगलौजका रूपमा सतहमा आउनु दुःखद् पक्ष छँदै छ । पहिलो र दोस्रो दृष्टिककोणमा खासै विवाद नभए पनि तेस्रो दृष्टिकोणका विषयमा व्यापक विवाद र असहमति सिर्जना भएको छ ।

पहिलो दृष्टिकोणमा विशेष गरी ललितपुर घोषणापत्र (२०६८ चैत्र ११) सँग आबद्ध व्यक्तिहरूको उपस्थिति देखिन्छ । उक्त घोषणा पत्रमा स्व. कमल दीक्षित, जगदीश घिमिरे, खगेन्द्र सङ्ग्रौला, हरि अधिकारी, नारायण ढकाल, रोचक घिमिरे, केदार शर्मा, शरदचन्द्र वस्तीलगायत असी (८०) जना लेखकहरूले हस्ताक्षर गरेको भनिएको थियो । यिनीहरू नेपाली भाषाको पुरानो मान्यता नेकशु, (१९९१) लाई अनुसरण गर्ने पक्षमा छन् । दोस्रोमा विशेष गरी पुराना प्राज्ञ र त्रिभुवन विश्वविद्यालयका केही प्राध्यापक, साझा प्रकाशन, कान्तिपुर दैनिकलगायतका सञ्चार माध्यममा कार्यरत व्यक्तिहरू रहेका छन् । यो दोस्रो पक्षहरूले नेपाल राजकीय प्रज्ञा-प्रतिष्ठानद्वारा स्थापित (२०४० को नेपाली बृहत् शब्दकोश संशोधित २०५८) मानकलाई मान्ने गरेका छन् । तेस्रो धारको नेतृत्व हेमाङ्गराज अधिकारी जो तत्कालीन प्रज्ञा-प्रतिष्ठानको भाषा विभाग र केही प्राज्ञ अनि शिक्षा मन्त्रालयबाट परिपत्र गराउने सूत्राधार रहेको बुझिएको छ । यस समूहमा ‘सबैको नेपाली’का सम्पादकहरू पनि प्रत्यक्षपरोक्ष रूपमा लागेका छन् । यसमा प्राध्यापक हेमाङ्गराज अधिकारीको नाम ज्यादा जोड्ने गरिएको छ, उनको पछिपछि बद्रिविशाल भट्टराईको नाम पनि आउने गरेको छ । प्रज्ञा-प्रतिष्ठानका तत्कालीन सदस्य सचिव जीविन्द्रदेव गिरी पनि अधिकारीको दृष्टिकोणको प्रतिरक्षामा लागेका छन् । एउटा सरकारी निकायमा बसेका जिम्मेवार व्यक्तिले सन्तुलित भएर तर्क नराखेकोमा भाषाविद्हरूले गुनासो गरेका छन् । हेमाङ्गराज अधिकारीका अन्तर्वार्ता र दृष्टिकोणलाई पनि सरोकारवालाले एकपक्षीय असमन्वयकारी रहेको बताएका छन् । त्यस समय एक साप्ताहिक पत्रिकामा उनले त्रि.वि. नेपाली केन्द्रीय विभागले उनले भनेजस्तो भाषा प्रयोगमा नल्याएर केही फरक नपर्ने भन्ने तर्क राखेका थिए । त्रि.वि.का प्राध्यापकहरूले भने प्राध्यापक अधिकारी जुनजुन संस्थामा पुगे त्यसत्यस ठाउँमा उनले भाषिक अराजकता फैलाउने गरेको आरोप लगाएका छन् । उनी पाठ्यक्रम विकास केन्द्र, उच्च माध्यमिक शिक्षा परिषद् र नेपाल प्रज्ञा-प्रतिष्ठानमा रहँदा भाषामाथि छुरा चलाउने गरेको बताउँछन् उनीहरू । यसमा आर्थिक चलखेल, आफ्नो शब्दकोश बिक्री गर्ने नियत रहेको आरोप सञ्चार माध्यममा आइसकेका छन् । व्यापारिक स्वार्थ जे भए पनि उनले निजी कम्पनीबाट प्रकाशन गरेको शब्दकोश र नेपाल प्रज्ञा-प्रतिष्ठानबाट प्रकाशित शब्दकोशमा शब्दको अर्थगत प्रविष्टि फरकफरक भेटिनु उनको दुर्नियतको दृष्टान्त रहेको बुझिन्छ । अर्को चाखलाग्दो कुरा के छ भने उनी सम्पादक रहेको नेपाल प्रज्ञा-प्रतिष्ठानको पछिल्लो शब्दकोश समाजमा प्रयोगमा आउन त परको कुरा भयो प्रतिष्ठापनकै कुलपति गङ्गाप्रसाद उप्रेती र प्रज्ञा-प्रतिष्ठानबाट प्रकाशित हुने ‘समकालीन साहित्य’ लगायतका पत्रिकाले नै अनुसरण गरेका छैनन् । उनले निर्माण गरेको शब्दकोश केका लागि हो बुझ्न सकिएको छैन भन्ने जनगुनासो व्यापक भएर गएको छ । फलतः प्रज्ञा-प्रतिष्ठावनको (२०७२, नवौँ संस्करण) उक्त संस्करणको शब्दकोश खारेज भएको छ ।

भाषाकै कारण बजार तात्नुपर्ने अर्को कारण के हो भने विद्यालयस्तरको नेपाली विषय पठनका लागि एकाएक शिक्षा मन्त्रालयको ठाडो तोकआदेश रहेको छ । भाषा सरलीकरणतिर लग्नका लागि यसो गरिएको हो भन्ने यसका प्रस्तावकहरूको तर्क रहेको छ । सरलीकरणतिर लगिएको भए अधिकांश छापा, पत्रपत्रिकाले किन उक्त मान्यतामा भाषा लेख्न हिच्किचाएका छन् ? यो गम्भीर विषय बनेको छ । भाषाजस्तो विषयमा तोकआदेश गर्नुअगाडि व्यापक सार्वजनिक बहस गर्नुपर्छ कि पर्दैन ? अर्को तर्क छ विद्यार्थीलाई संयुक्त अक्षर पढाउन जटिल भएकाले यसो गरिएको हो ? यो तर्क पनि बेफ्वाँकको रहेको नेपाली विषय शिक्षकहरू बताउँछन् । संयुक्त अक्षरले बालबालिकालाई भाषा पढाउन केही असजिलो

भएको कुरा सत्य हो । भाषा सिकाउँदा हुने जटिलताको अन्त्य गर्नु भनेको शब्दको व्युत्पत्तिगत संरचना नै भत्काउनु होइन । त्यस्ता संयुक्त अक्षरको संरचना केलाएर सिकाउन सकिन्थ्यो । अभ्यास गरेपछि एकै हातले कङ्क्रिटको इँटा फुटाउन सकिन्छ भने संयुक्त वर्ण फुटाउन नसकिने भन्ने कुरै हुँदैन । कतिपय यस्ता संयुक्त वर्ण र अक्षरहरू छन् जसलाई टुक्र्याउँदा विकृत रूपमा परिणत हुन्छन् । जस्तैः 'बुद्ध' । 'बुद्ध' शब्दलाई नयाँ नियमले छुट्याएर हेर्दा 'बुद्ध' गर्नुपर्ने हुन्छ तर 'बुद्ध' शब्द 'बुद्' धातुबाट बनेको हुँदै होइन । यसै गरी 'श्री' जस्ता अक्षरलाई छुट्याउँदा विकृत मात्रै होइन भताभुङ्ग नै हुने गर्छ । यस्ता सयौँ उदाहरणहरू हुन सक्छन् ।

भाषालाई प्रविधिमैत्री बनाउन यस्तो गरिएको भन्ने तर्क पनि राख्छन् यसका प्रस्तावकहरू । कम्प्युटरमा हाल प्रचलित देवनागरीका जुनसुकै संयुक्त अक्षर लेख्न सकिने भइसकेको छ । नेपाली युनिकोडको विकास भएपछि त यसमा झन् सहज स्थिति देखिन्छ । एन्ड्रोयड हाते फोनमा पनि नेपाली भाषा घुसिसक्यो । यसका साथै प्रविधि अनुकूल प्रयोगकर्ता चल्ने होइन । कम्प्युटर प्रविधिलाई हामीले दास बनाउने हो । कृत्रिम बौद्धिकता (इआइ) ले नेपाली भाषा केकसरी लेख्छ ? यो हेर्न बाँकी छ ।

विवादको बीजारोपण वि.सं. २०६७ देखि उच्च माध्यमिक शिक्षा परिषद्को (प्लस १ र २) का लागि निर्माण गरिएको 'सबैको नेपाली'बाट भइसकेको थियो । यस पुस्तकमा व्याकरणमा नवीनतालाई भित्र्याउने बाहानामा केही अराजकता सिर्जना गरिएको थियो । त्यसको 'आफ्टर सक' आज आएर सतहमा देखिएको हो । चारवटा अक्षरसम्मको शब्दलाई पदयोग गर्ने र त्यसभन्दा ज्यादालाई छुट्याउने कहीं नभएको फत्तुरे तर्कबाटै सो पुस्तक पठनपाठन गर्ने व्यक्ति आजित थिए । यो अभ्यासले 'ललित पुर' शब्द छुट्याएर लेख्ने र 'कीर्तिपुर' जोडेर लेख्नु भन्ने हास्यास्पद तर्कको जिरह गरेको थियो । यो बेकारको तर्क थियो भन्ने प्रमाणित कसरी भएको थियो भने +२ उत्तीर्ण गर्नका लागि विद्यार्थीले प्रयोग गर्नबाहेक न त पत्रपत्रिका, न त अन्य आमसञ्चार कसैले पनि त्यसको अनुसरण नगरेर यो अव्यावहारिक छ भन्ने पुस्टि गरिदिइसकेका थिए तर योसँग जोडिएको केही व्यक्तिको आर्थिक उपार्जनको सरोकार र साझा प्रकाशनको व्यापारिक पक्षबाहेक अरू यो टिक्ने आधार केही थिएन । यसमा संयुक्त अक्षरलाई विकल्पसहित दिइएको थियो तर आज आएर बाध्यकारी बनाउँदा भाषामा गन्जागोल सिर्जना हुन पुगेको थियो ।

सबैको नेपालीपश्चात् यसको प्रभाव त्रिभुवन विश्वविद्यालय अनिवार्य नेपाली विषय समितिलाई पनि परेको थियो । त्यसपछि बनेको स्नातक प्रथम वर्षको अनिवार्य नेपालीमा पनि लगभग सोही कुरा प्रकारान्तरले प्रयोग भएको थियो किनभने 'सबैको नेपाली'मा काम गर्ने प्राध्यापक र त्रि.वि. विषय समितिमा पनि प्रत्यक्षपरोक्ष रूपमा सम्बन्धित थिए ।

समस्याहरू सिर्जना हुन्छन् । समस्याको उपयुक्त समाधानका लागि गहन अनुसन्धानको पछि नलाग्नु नेपाली भाषविद्हरूको निको नहुने रोग रहेको छ । 'वादे वादे जायते तत्त्वबोध' याने कि वादविवाद र बहसले नै वास्तविकताको बोध हुँदै जाने हो, भन्ने कुरा हाम्रा विद्वान्हरूमा लागू हुँदैन । गल्तीको आत्मालोचना होइन कुतर्कद्वारा टिक्न खोज्नु एक प्रकारको जटिल समस्या बनेर देखापरेको छ । जुँगाको लडाइँमा क्षणिक आनन्द त होला तर भाषाजस्तो सामाजिक सरोकारको विषय खल्बलिनु समस्या थप जटिल हुँदै जानु हो । भाषा बिगारेकोमा यसका सरोकारवालाहरूले जिरह होइन समाधानको बाटो खोज्नतिर लाग्नु आजको आवश्यकता बनेको छ ।

संसारको जुनसुकै कुनामा रहेर नेपाली भाषा बोले पनि यो भाषा एउटै भाषा हो । जहाँ गएर बोले पनि नेपाली भाषाको रिदम एउटै छ । यसको संरचना एउटै छ । भाषा एउटै भए पनि यसको बोलीमा विभिन्नता छ । भाषाको क्षेत्रीय भौगोलिक भेद देखिनु जीवित भाषाको विशेषता हो । नेपाली भाषाको भौगोलिक विभेदले समस्या भने सिर्जना गरेको छ ।

हरेक समस्याको विकल्प हुन्छ । भाषा व्याकरणको विकल्प नहुने प्रश्नै भएन । अङ्ग्रेजी व्याकरण पनि झन्डै ६ सय वर्षमा ५० चोटिभन्दा ज्यादा संशोधन भएको देखिन्छ । सर्वप्रथम नेपाली भाषालाई

नेपाली मौलिकताअनुसारको नियम बनाउनु पर्छ । संस्कृत माऊ भाषा भएकाले संस्कृतका नियम जबर्जस्ती लाद्ने प्रवृत्ति र आधुनिकताको नाममा पूरै अङ्ग्रेजीकरण गर्दै लग्ने दुई कैँचीको धारबाट नेपाली भाषालाई बचाउनु पर्छ । हो नेपाली भाषामा संस्कृत शब्द अधिक छन् । संस्कृतबाट जब नेपाली प्रयोगमा आएका छन् भने । तिनीहरूलाई संस्कृत व्याकरणको आँखाबाट हेरिनु हुँदैन । यसका लागि व्यापक सार्वजनिक बहस गरी सरकारीस्तरको भाषा मानकीकरण आयोगको गठन गरी प्रयोक्ताको प्रतिक्रिया, आमसञ्चारको सहभागीता र भाषा प्रविधिमा काम गरेका व्यक्तिहरूको समेत उपस्थितिमा भाषालाई मानक दिशामा हिँडाउन ढिलो गर्नु हुँदैन । नेपालको संविधान २०७२ ले सर्वाधिकार सम्पन्न भाषिक आयोगको परिकल्पना गरेको पनि छ । वर्ण, लिपि, ध्वनि, भाषिक चिह्नका आआफ्नै विशेषता हुन्छन् । भाषिक अन्ध परम्परा पनि यसको सौन्दर्य हुन सक्छ । अङ्ग्रेजीमा 'साइकोलजी' उच्चारण हुन्छ किन 'पसाइकोलोजी' हुँदैन ? 'निमोनिया' जस्ता शब्दमा किन 'पिनिमोनिया' हुँदैन । 'Put' पुट 'But' बट हुँदा एउटै वर्णलाई किन 'उ' र 'अ' उच्चारण गरिन्छ । यसको कुनै उत्तर छैन । यो भाषिक परम्पराभित्र लुकेको अन्धविश्वास हो । अन्ध परम्परा पनि सौन्दर्य बन्न सक्छ भाषाका सन्दर्भमा । त्यसलाई बचाउनुपर्छ । पद्म, ब्रह्म जस्ता संयुक्त अक्षरले पक्कै पनि बालबालिकालाई असजिलो बनाएको छ । त्यसको संरचना सिकाउने हो भने उनीहरू सिक्छन् । चाइनिज, कोरियन जस्तो भाषा त सिकेर लाखौँ युवा विदेशमा गएका छन् भने नेपाली भाषा नसिक्ने भन्ने कुरा हुँदै हुँदैन । हिन्दी भाषाको मानकीकरणका लागि 'केन्द्रीय हिन्दी संस्थान' जस्ता शक्तिशाली निकायको व्यवस्था गरिएको छ भारतमा । त्यसरी नै नेपाली भाषालाई पनि मानकीकरण गर्न दिशामा अग्रसर हुन ढिलो गर्नु हुँदैन । भाषामा पर्न गएको माखेसाङ्लोलाई विवेकपूर्ण तरिकाले फुकाउनुमा नै सबैको हित हुन्छ ।

**निष्कर्ष**

भाषिक सर्वेक्षणको अभावले नेपाली भाषाको मानकीकरण र यसको विविधताको उचित मूल्याङ्कनमा गम्भीर चुनौती खडा गरेको छ । वैज्ञानिक सर्वेक्षणबिना नेपाली भाषाको विविधताका पक्ष र समस्याहरू बुझ्न सकिएको छैन । पूर्वीय लबजलाई मानक मान्ने प्रवृत्तिले पश्चिमी नेपाल र नेपालबाहिरको नेपाली भाषाको स्वरूपलाई उपेक्षा गरिरहेको छ । यसले नेपाली भाषाको भौगोलिक र भाषिक विविधतालाई सम्मान गर्न नसकेको तथ्य उजागर भएको छ । भाषा सर्वेक्षणलाई नेपाल र बाहिरका नेपाली भाषाभाषीहरूको योगदानलाई ध्यानमा राखेर निष्पक्ष र वैज्ञानिक रूपमा गर्नुपर्छ । यसै गरी नेपाली भाषाशिक्षणको अव्यवस्थित शैलीले विद्यार्थीहरूको भाषा क्षमतामा अवरोध पुऱ्याएको छ । संस्कृत शिक्षणका आधारमा नेपाली व्याकरण र लेखन शैलीलाई प्रभावित गर्ने प्रवृत्तिले भाषाशिक्षणलाई यथोचित प्रभावकारी बनाउन सकेको छैन । बहुभाषिक समाजमा नेपाली भाषालाई वैज्ञानिक आधारमा प्रभावकारी तरिकाले सिकाउन सकिए मात्र यसको मानकीकरण सम्भव छ । नेपाली भाषालाई प्रविधिमा पूर्ण रूपमा आत्मसात् गर्न सक्षम बनाउने दिशा अझै अधुरो छ । युनिकोड प्रविधिको विकास भए तापनि यसको एकरूपता र प्रयोगमा सुधार गर्न आवश्यक छ । भाषाको संरचना र हिज्जेसँग मेल खाने सफ्टवेयर विकासमा सरकारी तथा निजी क्षेत्रको ध्यान केन्द्रित हुनुपर्छ । नेपाली भाषाको मानक शब्दकोशको निर्माणमा कमजोरीले यसको शब्दभण्डारलाई पर्याप्त व्यापक बनाउन सकेको छैन । नेपाली शब्दहरूको स्रोत, हिज्जे, र विविध अर्थको व्याख्या गर्दा भाषा समृद्ध बन्ने भएकाले सरकारी तथा निजी क्षेत्रको समन्वयमा यो प्रयास अघि बढ्नुपर्छ । भाषानीतिमा ठोस योजना अभावका कारण नेपाली भाषाको मानकीकरणमा चुनौती उत्पन्न भएको छ । सरकारी कामकाज, शिक्षण र प्रशासनमा नेपाली भाषाको समुचित प्रयोग सुनिश्चित गर्न, भारतलगायतका नेपाली भाषाभाषीहरूको योगदानलाई पाठ्यक्रममा समेट्ने प्रयास हुनुपर्छ । नेपाली भाषाप्रतिको अपनत्व र सम्मानलाई प्रोत्साहन गर्न आवश्यक छ । विदेशी भाषाहरू सिक्नुपर्दा आफ्नो मातृभाषाप्रति वितृष्णा जाग्ने अभ्यास रोक्न

प्रभावकारी उपाय अपनाउनु जरुरी छ । नेपाली व्याकरणका कठोर नियमले भाषा प्रयोगलाई जटिल बनाउँदै आएको छ । यसलाई सरल र व्यावहारिक बनाउँदै भाषाको प्रयोगलाई सहज बनाउनेतर्फ ध्यान दिन आवश्यक छ । नेपाली भाषाको मानकीकरण बहुपक्षीय प्रयासद्वारा सम्भव छ । वैज्ञानिक सर्वेक्षण, प्रभावकारी शिक्षण, प्रविधिसँगको समायोजन, शब्दकोशको समृद्धि, ठोस भाषानीति, अपनत्वको भावना र व्याकरणीय सुधारमा ध्यान केन्द्रित गर्दा मात्र नेपाली भाषाको दीर्घकालीन विकास र मानकीकरण सुनिश्चित हुनेछ ।

**सन्दर्भसूची**


अधिकारी, हेमाङ्गराज, २०६२, *सामाजिक र प्रायोगिक भाषाविज्ञान* (ते.सं.). रत्न पुस्तक भण्डार ।

अर्याल, कृष्णचन्द्र र  जोशी, वैजनाथ सेढाईं (१९७४), *गोरखा-भाषा,* पण्डित वैजनाथ जोशी ।

खनाल, मोहनप्रसाद (२०६८), *नेपाली भाषाका हजार वर्ष,* राइनो पब्लिकेसन ।

थापा, दिनबहादुर (२०६५), धवलागिरि क्षेत्रमा बोलिने नेपाली भाषाको समाजभाषावैज्ञानिक अध्ययन, अप्रकाशित विद्यावारिधि शोधप्रबन्ध, मानविकी तथा सामाजिक शास्त्र सङ्काय, त्रिभुवन विश्वविद्यालय ।

दास, ठाकुर (सन् २०००), *ऐतिहासिक भाषाविज्ञान का अध्ययन,* https://ebooks.inflibnet.ac.in.

पोखरेल, बालकृष्ण, (२०५०), *पाँच सय वर्ष,* साझा प्रकाशन ।

पोखरेल, माधव र राई, नोवलकिशोर, (२०६५), *नेपालको वर्तमान भाषिक स्थिति. राज्य पुनः संरचनाका सन्दर्भमा नेपालको वर्तमान भाषिक स्थिति र समावेशी भाषिक नीति,* सेमिनारपत्र, मङ्सिर २० ।

पोखरेल, शैलजा, (२०६९), *नेपाली भाषाको समाज भाषावैज्ञानिक अध्ययन,* अप्रकाशित विद्यावारिधि शोधप्रबन्ध, मानविकी तथा सामाजिक शास्त्र सङ्काय, त्रिभुवन विश्वविद्यालय ।

पौड्याल, नवीन, (२०२१) *भारतीय नेपाली भाषा र नेपालको भाषा : तुलनात्मक दृष्टि,* HTTP://NEPALIPOST.COM/BETA/3847. May 23, 2021.

पौड्याल, लेखनाथ (१९७३), *ऋतुविचार,* निर्णयप्रकाश ।

भट्ट, मोतीराम (२०५१), *कवि भानुभक्तको जीवनचरित्र,* साझा प्रकाशन ।

योन्जन, अमृत (२०६७), 'नेपालमा भाषिक मानवअधिकारः अवधारणा, चुनौती र सम्भावनाहरू' *आदिवासी जनजाति* ।

लुइटेल, लीला (२०७८), *भारतमा नेपाली भाषाको अवस्थिति,* https://www.setopati.com/archive-news/51783.

शर्मा, सुकुम (२०७०), *नेपाली व्याकरणको ऐतिहासिक सर्वेक्षण,* सनलाइट पब्लिकेसन ।

शर्मा, रमा (२०५८-२०५९), *राष्ट्रभाषा विशेषांक (संयुक्ताङ्क) स्वर्णजयन्ती विशेषाङ्क,* नेपाली शिक्षा परिषद् ।

Subba, Subhadra (1981), 'Standardization of Nepali. Problems and perspectives.' *Nepali Vyakaran Adhigosthi*. Royal Nepal Academy.


*नोटः प्रस्तुत लेखमा उल्लेख भएका तर्क, धारणा, विचार, आग्रह सबै लेखकका हुन् । यसमा सम्पादक मण्डल जवाफदेही हुने छैनन् ।*